# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १७२/०७३/७४
निर्णय नं. १२०

जिल्ला मुगु, श्रीकोट गा. वि. स.-२ निवासी गोकर्ण शाही ......................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, मुगु ......................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मुगु ......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला मुगु, श्रीकोट गा. वि. स.-२ निबासी गोकर्ण शाहीले जिल्ला विकास समितिको कार्यालय, मुगु समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।०४ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला विकास समितिको कार्यालय, मुगुको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१ आ. व. ०७२/७३ मा मुगु जिल्लाभरीको कुल वजेट मध्ये कुन-कुन स्थानमा खर्च गरियो ? स्थानको नाम र उपभोक्ता समितिको अध्यक्षको नाम सहितको विवरण ।
२ आ. व. ०७२/७३ मा मुगु जिल्लाले कति वजेट सूचना तथा संचार शीर्षकमा खर्च गर्‍यो ?
३ २०७१ सालमा मुगु जिल्लामा यूवा साझेदारी कार्यक्रम कुन कुन संस्थाले कति कति पाए ? सोको विवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।